उपराष्ट्रपति

काठमाडौं, नेपाल

# विजयादशमी,२०८२ को शुभकामना सन्देश

विजयादशमी, २०८२ को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

नेपाल विविध सांस्कृतिक, धार्मिक, ऐतिहासिक, मौलिक र परम्परागत सम्पदा तथा रीतिरिवाजहरुले समृद्ध मुलुक हो । यहाँ मनाइने चाडपर्वहरू राष्ट्रिय एकता, सामाजिक घनिष्टता, आध्यात्मिक चेतना र सांस्कृतिक निरन्तरताका संवाहक हुन् । हाम्रा पर्वहरूले परम्परागत मूल्य-मान्यता, जीवनशैली र सामाजिक सम्बन्धलाई सुदृढ बनाउँदै राष्ट्रिय पहिचान तथा एकतालाई अझ सशक्त बनाउन सहयोग पुग्दछ ।

विजयादशमी, नेपाली समाजमा विशेष महत्व राख्ने पर्व हो, जुन असत्यमाथि सत्यको विजय, अधर्ममाथि धर्मको स्थापनाको प्रतीकस्वरूप मनाइन्छ । यस पर्वले मानव जीवनमा सदाचार, सहिष्णुता, आत्मसंयम र सत्यको मार्ग अँगाल्न प्रेरित गर्दछ । दशैँको अवसरमा परिवारजनबीच पुनर्मिलन, आपसी सद्भावको आदान-प्रदान तथा सामाजिक समरसताको अभिवृद्धि हुने परम्परा हाम्रो मौलिक संस्कृतिको अभिन्न अंश हो । यस पर्वले विगतका कटुताहरूलाई विस्मृत गर्दै एक-अर्कामा शुभेच्छा साटासाट गर्ने अवसर प्रदान गर्दछ, जसले सामाजिक सम्बन्धलाई अझ सुदृढ बनाउँदछ ।

काम, क्रोध, लोभ, मोह, अहंकार, हिंसा र चोरीजस्ता नकारात्मक प्रवृत्तिहरूको परित्याग गर्दै जीवनमा सकारात्मक सोच, सद्विचार र सुसंस्कारको विकास गर्नमा पनि विजयादशमीले प्रेरित गर्दछ । यस अवसरमा गरिने पूजापाठ, सांस्कृतिक कार्यक्रम, परम्परागत नृत्य तथा गीत-संगीतले हाम्रो सांस्कृतिक पहिचानलाई संरक्षण गर्दै स्थानीय अर्थतन्त्रलाई पनि सक्रिय बनाउन सघाउँदछ ।

संविधानले सुनिश्चित गरेका अधिकारहरू, नागरिक स्वतन्त्रता र समावेशी प्रतिनिधित्वप्रति जनताको अपेक्षा थप प्रगाढ बनाउन विजयादशमीले उत्प्रेरित गर्न सकोस् । संविधानको पालना, संरक्षण र कार्यान्वयनका लागि थप प्रतिबद्धताका साथ सबै पक्षले संयम, संवाद र सहकार्यको मार्ग अँगाल्न जरुरी छ ।

**अन्त्यमा,** विजयादशमीले हामीलाई असत्य, अन्याय र समाजमा बढ्दो ध्रुवीकरण/विभाजनको विरुद्धमा एकजुट हुन प्रेरित गर्ने विश्वास लिएको छु । यो पर्वले हामी सबैमा आत्मशुद्धि, सामाजिक उत्तरदायित्व र राष्ट्रिय एकताको भावना जागृत गराओस् । सत्य, सदाचार, सद्भाव, भाइचारा र सहिष्णुताको मार्गमा अग्रसर रहन हामी सबैलाई प्रेरणा मिलोस् भन्ने शुभेच्छाका साथ पुनः विजयादशमी २०८२ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु ।

शुभ विजयादशमी !

२०८२ असोज १३ गते सोमबार ।
ने.सं. ११४५ कौलाथ्व, सप्तमी ।

रामसहाय प्रसाद यादव
उपराष्ट्रपति